आज मिति २०७७ साल कार्तिक २ गते आइतवारका दिन विहान ११:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंज्यूको अध्यक्षतामा वसेको ५३ औं गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री विदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्वा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित वहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य वहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | चिनी |
| १४ | श्री वुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | वुद्दी |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | निर्मला |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

Scanned with CamScanner

**प्रस्ताव तथा निर्णयहरु :**

१. छैठौं गाउँसभाको मिति तय सम्वन्धमा ।

२. सामाजिक सुरक्षा वैकिङ्ग प्रणालीमार्फत गर्ने सम्वन्धी ।

३. विभिन्न कार्यविधि तथा नियमावलिहरु स्विकृती सम्वन्धमा ।

- मकवानपुरगढी गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्वन्धी कार्यविधि, २०७७
- मकवानपुरगढी गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन सम्बन्धी कार्यविधि, २०७७
- मकवानपुरगढी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७७
- मकवानपुरगढी गाउँपालिकाको अमानतमा राजश्व उठाउने सम्वन्धि कार्यविधि, २०७७ अनुमोदन सम्वन्धी
- मकवानपुरगढी गाउँपालिकाको सहकारी नियमावलि, २०७७

४. मिति २०७७ आश्विन ३० को विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्वन्धी ।

५. विभिन्न मितिमा भएका आर्थिक सहायता तथा खर्च अनुमोदन सम्वन्धी ।

६. चालु वर्षको लागि नँया नक्शा पास तथा वनेका घरहरुको अभिलेखिकरण लागि सूचना आव्हान अनुमोदन सम्वन्धी ।

७. दशैको सुभकामना तथा सुरक्षित ढंगले चाडपर्व मनाउने सम्वन्धमा ।

८. वालमैत्री वडा तोक्ने सम्वन्धी

९. ल्याण्डफिल्ड साइट तोक्ने सम्वन्धी

१०. भुकम्पको लगत कट्टाको लागि म्याद तोक्ने सम्वन्धी ।

११. आर्थिक वर्ष २०७६।०७७ को आ ले पको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौडालाई अनुरोध गर्ने सम्वन्धमा ।

१२. ७०/३० को प्रथम र द्वितीय हुने वडा तोक्ने र वाँकी रकम विनियोजन गर्ने सम्वन्धमा

१३. मकवानपुरगढी पत्रिकामार्फत नियमित गतिविधि सञ्चालन

१४. दरवन्दि मिलान तथा शिक्षाको गुणस्तर सुधार सम्वन्धमा ।

१५. योजनाहरुको समिक्षा सम्वन्धमा ।

१६. विविध

**छलफल तथा निर्णयहरु :**

**१. छैठौं गाउँसभाको मिति तय सम्वन्धमा ।**

यस गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न ऐनको विधेयकहरुको विषयमा छलफल तथा पारीत गर्नका लागि यसै मिति २०७७ कार्तिक २१ गते शुक्रवार छैठौं गाउँसभाको वैठक वस्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**२. सामाजिक सुरक्षा वैकिङ्ग प्रणालीमार्फत गर्ने सम्वन्धी ।**

सामाजिक सुरक्षा वितरण प्रणालीलाई व्यवस्थित एवं प्रभावकारी वनाउन, अनियमितता एवं चुहावट हुन सक्ने अवस्थालाई नियन्त्रण गर्न एवं वदलिँदो परिस्थिति वमोजिम चालु आर्थिक वर्षको संघीय अर्थ मन्त्रालयवाट जारी गरेको वजेट वक्तव्यमा समेत एक व्यक्ति एक वैंक खाता खोल्नुपर्ने प्रावधान रहेको साथै पञ्जिकरण विभागवाट समेत वारम्वार अनिवार्य रुपमा वैंकीङ्ग प्रणालीमा जानुपर्ने ताकेता भईरहेको अवस्थालाई समेत मध्यनजर गर्दै यस गाउँपालिकामा सञ्चालित नेपाल वैंगलादेश वैंक, मक्रान्चुली शाखासँग सम्झौता गरी वैंकसम्म आउनेलाई वैंकवाट, वैंकसम्म आउन नसक्नेलाई

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सम्बन्धित वडाको शाखारहित बैंकिङ सेवाबाट र शाखा रहित बैंकीङबाट समेत सामाजिक सुरक्षा लिन आउन नसक्नेलाई बैंकले नै घर दैलो सेवा दिनेगरी दोश्रो चौमासिक देखि अनिवार्य रुपमा बैंकीङ्ग प्रणालीमा जानेगरी सामाजिक सुरक्षा भत्ताको वितरण प्रणाली व्यवस्थित गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

३. **विभिन्न कार्यविधि तथा नियमावलिहरु स्विकृती सम्बन्धमा ।**

यस गाउँपालिकाको लागि आवश्यक रीक्त कानुन तथा कार्यविधिको आवश्यकतालाई मध्यनजर गरी तपसिल बमोजिमका कार्यविधि तथा नियमावलिहरु सर्वसम्मतीका स्विकृत गर्ने निर्णय गरियो । साथै उक्त कानुनहरु निर्णय भएकै मिति देखि लागू गर्ने निर्णय समेत गरियो ।

| सि.नं. | पारीत भएका कार्यविधिहरु | उद्धेश्य एवं औचित्य |
|---|---|---|
| १ | मकवानपुरगढी गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्वन्धी कार्यविधि, २०७७ | गाउँको सूचना तथा अभिलेख प्रणालीलाई व्यवस्थित वनाई आर्थिक, सामाजिक, साँस्कृतिक, जनसाँख्यिक, प्रशासनिक तथा प्राकृतिक स्रोतसँग सम्बन्धित तथ्याङ्कहरुको उत्पादन, संकलन, प्रशोधन, संरक्षण र सम्प्रेषण तथा वितरण कार्यलाई व्यवस्थित गरी स्थानीय सेवा प्रवाहलाई नविनतम प्रविधियुक्त वनाई व्यवस्थित एवं पारदर्शी वनाउन |
| २ | मकवानपुरगढी गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन सम्वन्धी कार्यविधि, २०७७ | गाउँपालिकाका जनताहरुलाई चुस्त दुरुस्त र सर्वसुलभ दरमा ठुला यान्त्रिक उपकरण उपलब्ध गराउने, गाउँपालिकाले खरिद गरेका ठुला यान्त्रीक उपकरण सञ्चालन, भाडा दर, पारिश्रमिक, मर्मत सम्भार सम्वन्धि व्यवस्था गर्न, विकासका गतिविधि तथा भौतिक निर्माणमा विशेष सहुलियत प्रदान गर्न तथा गाउँपालिकाका विभिन्न विकास र निर्माणका काममा तदारुकताका साथै सहुलियतमा विकास निर्माणको काम गर्न यहाँका नागरिक र उपभोक्ता समितिहरुलाई सहज वनाउन । |
| ३ | मकवानपुरगढी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७७ | मकवानपुरगढी गाउँपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तिको सुनिश्चतता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहीता अभिवृद्धि गर्न |
| ४ | मकवानपुरगढी गाउँपालिकाको अमानतमा राजश्व उठाउने सम्वन्धि कार्यविधि, २०७७ अनुमोदन सम्वन्धी | आन्तरीक राजश्वको प्रमुख स्रोतको रुपमा रहेको ढुंगा गिटी वालुवाको ठेक्का प्रणालीवाट व्यवस्थापन नभएसम्म अमानतवाट उठाउनका निमित्त । |
| ५ | मकवानपुरगढी गाउँपालिकाको सहकारी नियमावलि, २०७७ | स्वच्छीक सदस्यता, प्रजातान्त्रिक नियन्त्रण, स्वायत्तता, सदस्यमुलक व्यवस्थामार्फत सामुहिक एकताको माध्यामवाट सदस्यहरुको हीत अभिवृद्धि गर्न सहकारी ऐन, २०७५ को अधिनमा रही यो नियमावली तयार गरिएको |

४. **मिति २०७७ आश्विन ३० को विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धी तथा जिल्ला विपद व्यवस्थापन समितिलाई विपद निम्त्याउन सक्ने खोलाको परिमाण घटाउन सिफारीस गर्ने सम्बन्धी ।**

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मिति २०७७ आश्विन ३० गते शुक्रबार बसेको विपद व्यवस्थापन समितिको बैठकले गरेका देहाय बमोजिमका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- यस गाउपालिकाको मध्य भागमा पर्ने सामरी खोलामा प्रत्येक वर्ष शिवम् सिमेन्ट उद्योगको खानीबाट निस्केको ओभर बर्डनले खोलाको तल्लो तटिय क्षेत्रको रुपमा रहेको यस गाउपालिकाको वडा नं २, ३, ५ र ६ को कार्की खोला देखी धादिङ बजार नजिक सम्मको सामरी खोलाको सतह बढी वर्षातको समयमा खोला गाउँ वस्ती तथा खेति योग्य क्षेत्रमा पस्ने तथा ठूलो जनधनको क्षती समेत हुन सक्ने सम्भावना निरन्तर रहिरहेको हुनाले सो खोलाले निम्त्याउन सक्ने विपदलाई नियन्त्रण गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै उक्त बढेको सतहको ग्राभेल झिकी खोला बाहिर निश्चित स्थानमा व्यवस्थापन गरी राख्नको निमित्त गाउँपालिकाको प्राविधिकले तयार गरेको तपसिल बमोजिमको १ लाख २५ हजार २ सय घनमिटर ग्राभेल सो खोलाबाट घटाई विपद व्यवस्थापनमा सहयोग पुऱ्याउन पर्ने देखिएकोले सो परिमाण बमोजिमको ढुंगा गिटी बालुवा निकाल्नको लागि जिल्ला विपद व्यवस्थापन समितिलाई सिफारीस गर्ने ।

**Details Quntity Estimation of Excavation of River Bed Materials**

| Point No. | Description/Area | Length | Breadth | Height | Quantity | Unit | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | Karki Khola to Khayar Ghari Siran | 300 | 35 | 1 | 10500 | cum | |
| 2 | Khayar Ghari Siran to Baadh | 300 | 35 | 1 | 10500 | cum | |
| 3 | Baadh to Soltee Mode | 1280 | 40 | 1 | 51200 | cum | |
| 4 | Soltee Mode to Gurdum Khola Dovan | 1250 | 25 | 1 | 31250 | cum | |
| 5 | Gurdum Khola Dovan to Dhading Pul | 725 | 30 | 1 | 21750 | cum | |
| | | Total | | | 125200 | cum | |

- भर्खरै निर्माण सम्पन्न आइसोलेशनमा आवश्यक सामाग्री तथा पूर्वाधार व्यवस्थापन दशै अघि नै सम्पन्न गर्ने र दशैं पछि लगत्तै सञ्चालनमा ल्याउने ।
- कोभिड-१९ संक्रमितको संख्या देशव्यापी बढ्दै गएकोले र नेपालीको महान चाड वडा दशै पर्व समेत सुरु भइसकेको अवस्थालाई मध्यनजर गर्दा सुरक्षित एवं संयमित ढङ्गले यस वर्षको वडादशै तपसिल बमोजिम स्वास्थ्य मापदण्ड पुरा गरि मनाउनका लागि गाउँपालिकावासीहरुको नाममा सार्वजनिक सूचना जारी गर्ने :

१. घर परिवारका सदस्यहरु अन्यत्र नगई आफ्ना घर परिवारका सदस्यहरुविच रहेर मात्र दशै मनाउने

२. आफन्तहरुकोमा गएर टिका लगाउने कार्य यस वर्षलाई नगर्ने नगराउने साथै आफन्तजनलाई टिका लगाउनका लागि आमन्त्रण नगर्ने नगराउने ।

३. दशैं पर्वमा विभिन्न शक्तिपिठहरुमा नियमित नित्य पूजा बाहेकका अन्य बली दिने कार्य नगर्ने नगराउने ।

४. दशैं तिहारमा सार्वजनकि स्थलमा भेला भई पिङ खेल्ने, लङ्गुर बुर्जा खेल्ने खेलाउने, सार्वजनिक स्थलमा भेला भई भिडभाड गर्ने कार्यमा रोक लगाउने ।

५. दशैं तिहारमा जुवा तास खेल्ने, धुम्रपान तथा मद्यपानमा संलग्न हुने गरेको पाईएकोले दशैं तिहारमा जुवा तास खेल्ने, धुम्रपान तथा मद्यपानमा संलग्न हुने गरेको पाईएकोले त्यस्ता क्रियाकलापलाई सामाजिक व्यवहार सुधार ऐन, २०७५ बमोजिम वर्जित गरिएकोले त्यस्ता कार्य नगर्ने नगराउने ।

बिदुर हुमागाई
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

६. वडा कार्यालयले टोल विकास संस्थाको बैठक राखि स्थानिय निगरानी समुह गठन गर्ने र सोही समूह मार्फत उल्लेखित सूचनाको प्रचार प्रसार गराउने, कोभिड-१९को जोखिमका विषयमा सचेतना मुलक सन्देशहरु प्रवाह गराउने, भिडभाड हुन नदिने, जथाभावी टिका लाउने प्रयोजनका लागि हिडडुल गर्न नदिने तथा कोभिड सक्रमितको तथ्याकं संकलन गरि वडामा पठाउने कार्यमा जिम्मेवार बनाउने ।

७. अटो सवारीको माध्यामवाट दशै तिहारको वेलामा हिडडुल नगर्ने, घरमै वसी दशै मनाउने तथा उल्लेखित कार्यहरुसमेत नगर्ने नगराउने सम्वन्धमा माइकिङमार्फत सबै वडामा पुग्ने गरी सचेतना मुलक सूचना प्रचार प्रसारमा सहयोग पुऱ्याउने ।

८. तिहारमा देउसी भैलो खेल्ने खेलाउने कार्य नगर्ने नगराउने ।

**५. विभिन्न मितिमा भएका आर्थिक सहायता तथा खर्च अनुमोदन सम्वन्धी ।**

गाउँपालिका अध्यक्षज्यू सम्वन्धित वजेट शिर्षकवाट खर्च गर्ने गरि विभिन्न मितिमा तोक आदेश गर्नु तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत रुपमा गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | योजना तथा कार्यक्रम | ब.शि. | अनुमोदन रकम एवं विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आइसोलेसन निर्माण खर्चको अनुमोदन | कोराना कोष | १७ लाख | |
| २ | वडा नं. ५ सिमल्टार खेल मैदान | भैपरी आउने पुँजिगत खर्च | ३ लाख | |
| ३ | धादिङ्ग भित्तो घिमिरे टोल वस्ति संरक्षण वडा नं. ५ | भैपरी आउने पुँजिगत खर्च | ५० हजार | |
| ४ | तिनधारा खानेपानी योजना | भैपरी आउने पुँजिगत खर्च | ५५ हजार | |
| ५ | ल्याण्डफिल्ड साइट थप विनियोजन | भैपरी आउने पुँजिगत खर्च | ३ लाख | |
| २ | वडा नं. ३ को निर्णय अनुसार तल्लो कालिखोला स्ल्याव ढलान योजना | लागत सहभागितातर्फ | १० लाख | |
| ३ | वडानं. ५ को निर्णय अनुसार कालिवन स्ल्याव ढलान योजना | लागत सहभागितातर्फ | १० लाख | |
| ४ | वडा नं. ६ को निर्णय अनुसार वागदली स्ल्याव ढलान योजना | लागत सहभागितातर्फ | १० लाख | |
| ५ | दोलखा जिल्लामा वेलिब्रीजको लागी अध्यक्षज्युको टिम सहितको भ्रमण खर्च | लागत सहभागिता तर्फ | १३ हजार ९ सय १५ | |

Scanned with CamScanner

| सि.नं. | योजना तथा कार्यक्रम | ब.शि. | अनुमोदन रकम एवं विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|
| ६ | शान्ति कृषि फर्म, शान्ती मल्ल, खोरसुधार कार्यक्रम | लागत सहभागिता तर्फ | १ लाख ३५ हजार | ५० प्रतिशत साझेदारी कूल लागत २ लाख ७० हजार |
| ७ | मानव सेवा आश्रम | लागत सहभागितातर्फ | २ लाख | |
| ८ | देवकुमारी पुलामी | गाउपालिका अध्यक्ष संग असहाय कार्यक्रम अन्तर्गत | रु ५० हजार | वाखापालन |
| ९ | रिता घिमिरे | गाउपालिका अध्यक्ष संग असहाय कार्यक्रम अन्तर्गत | रु ५० हजार | आयमुलक कार्यक्रम गर्न |
| १० | राजकुमार थिङ | आर्थिक सहायता वितरण | रु ४० हजार | |
| ११ | संगिता परियार | आर्थिक सहायता वितरण | ४० हजार | मृगौला पिडित |
| १२ | गणेशवहादुर थिङ | आर्थिक सहायता वितरण | ३० हजार | |
| १३ | संगिता तिमल्सीना | आर्थिक सहायता वितरण | २० हजार | स्तन अपरेशन |
| १४ | रिता घिमिरि | आर्थिक सहायता वितरण | १५ हजार | |
| १५ | श्याम परियार | आर्थिक सहायता वितरण | १५ हजार | |
| १६ | तिलकवहादुर स्याङतान | आर्थिक सहायता वितरण | २५ हजार | छोराको हात भाँचिएका |
| १७ | खडानन्द न्यौपाने | आर्थिक सहायता वितरण | १४ हजार | |
| १८ | अनुपा गोले | आर्थिक सहायता वितरण | २५ हजार | एपेन्डिक्स |
| १९ | सरीता थिङ | आर्थिक सहायता वितरण | ४० हजार | मेनिन्जाइटिस |
| २० | सीता थिङ | आर्थिक सहायता वितरण | ३० हजार | मेरुदण्ड समस्या |
| २१ | मुनाल विक | आर्थिक सहायता वितरण | २५ हजार | खोलाले वगाएको |
| २२ | विजय वि.क. वडा नं. ५ | आर्थिक सहायता वितरण | १५ हजार | हात काटेको |
| २३ | रेमन थिङ, गढी-०६, | आर्थिक सहायता वितरण | ४० हजार | ब्लड क्यान्सर |
| २४ | सरिता मोक्तान गढी-०६ भेल्टा | आर्थिक सहायता | ४० हजार | दुवै मृगौला पिडित |

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मनहरी, मकवानपुर बागमती प्रदेश, नेपाल

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

| सि.नं. | योजना तथा कार्यक्रम | ब.शि. | अनुमोदन रकम एवं विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|
| | | वितरण | | |
| २६ | मन्जु गोलेको छोरी सविता गोले वडा नं. ८ | आर्थिक सहायता वितरण | २० हजार | पित्तथैलीमा पत्थरी |
| २७ | सिंह वहादुर दोङ, वडा नं. ८ | आर्थिक सहायता वितरण | २० हजार | विरामी एवं कमजोर आर्थिक अवस्था |
| २८ | प्रेम राज थिङको कान्छो भाई सुमन थिङको छोरा विकास थिङ | आर्थिक सहायता वितरण | १५ हजार | हात भाँचिएको । |

**६. चालु वर्षको लागि नँया नक्शा पास तथा बनेका घरहरुको अभिलेखिकरण लागि सूचना आव्हान अनुमोदन सम्बन्धी ।**

गाउँपालिकाभित्रका मापदण्ड वमोजिम निर्माण भइसकेका तथा निर्माण हुने भवनहरुको क्रमश अभिलेखिकरण गर्ने तथा नँया नक्शा पास गर्ने प्रयोजनका लागि RMTMP समेत पारीत भईसकेको, सो सम्वन्धी कार्यविधि तथा कानुनहरु समेत पारीत भइसकेको एवं कर्मचारी समेत व्यवस्थापन भइसकेकोले नक्शा पास एवं अभिलेखिकरणको अभियानलाई अगाडि वढाउनका लागि मिति २०७७ असोज १२ गते जारी गरिएको सूचना अनुमोदन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**७. दशैको सुभकामना तथा सुरक्षित ढंगले चाडपर्व मनाउने सम्बन्धमा ।**

नेपालीहरुको महान चाड वडादशैको अवसरमा स्वदेश तथा विदेशमा रहने मकवानपुरगढी गाउँपालिकावासीहरुलाई हार्दिक मंगलमय सुभकामना तथा उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्ने निर्णय गरियो । साथै कोभिड-१९ को जोखिम वढ्दै गएको तथा संक्रमितको संख्या समेत दिनानुदिन अत्याधिक मात्रामा वढ्दै गएको सन्दर्भमा आउँदै गरेका दशै तिहार तथा छठ पर्वहरु अत्याधिक मात्रामा होसियार भएर सुरक्षित ढंगले मनाउनका लागि सवै गाउँपालिकावासीहरुलाई आव्हान गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**८. बालमैत्री वडा तोक्ने सम्बन्धी**

आगामी २०७८ भित्र गाउँपालिकालाई वालमैत्री सुशासन कायम भएको गाउँपालिकाको रुपमा घोषणा गर्न तथा वालमैत्री सुशासन कायम गर्न पुऱ्याउनु पर्ने मापदण्ड तथा सूचकहरुका सन्दर्भमा तथ्याकं सकंलन तथा आवश्यक कार्यक्रमहरु तय गर्नका लागि चालु आर्थिक वर्षका लागि वडा नं. ३, ५ र वडा नं. ६ लाई वालमैत्री वडाको रुपमा अभियान सञ्चालन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**९. ल्याण्डफिल्ड साइट तोक्ने सम्वन्धी**

गाउँपालिका क्षेत्र भित्र फाहरमैला व्यवस्थापन गरी कुहिने, नकुहिने फोहरहरु छुट्याउने तथा फोहरलाई मोहरमा रुपान्तरण गर्न तथा फोहरको उचित व्यवस्थापन गर्ने एवं सफा सुग्घर वातावरणमैत्री गाउँपालिकाको रुपमा विकास गर्न, घर गाउँ बाट निस्कने फोहरको व्यवस्थापन गर्नका लागि वडा नं. २, ३, ४ र वडा नं. ५मा ल्याण्डफिल्ड साइट निर्धारण गर्ने निर्णय गरियो । साथै सो वडाहरुमा ल्याण्डफिल्डसाइटको पूर्वाधार निर्माण गर्नका लागि प्रति वडा रु. २ लाख विनियोजन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

Scanned with CamScanner

१०. भुकम्पको लगत कट्टाको लागि म्याद तोक्ने सम्बन्धी ।

पूर्ण क्षेती तथा आशिंक क्षेती भई भुकम्प पुन निर्माण प्राधिकरणको नामावलीमा परेका केही भुकम्प प्रभावितहरुले ५ वर्ष व्यतित भइसक्दा पनि हालसम्म सम्झौता गर्न सम्वन्धित वडामा नगएकोले त्यस्ता प्रभावितहरुले यसै कार्तिक मसान्तसम्म पनि सम्झौता गर्न नगएमा आगामी मंसिर देखि सम्झौता नगर्ने लाभग्राहीहरुको लगत कट्टा गर्नका लागि सवै वडा कार्यालयहरुमा लेखि पठाउने निर्णय सर्वसम्मतीमा गरियो ।

११. आर्थिक वर्ष २०७६।०७७ को आ ले पको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौडालाई अनुरोध गर्ने सम्बन्धमा ।

यस गाउँपालिकाले अघिल्लो आर्थिक वर्ष २०७६।०७७ मा गरेको योजना तथा कार्यक्रमको कार्यान्वयन भई खर्च गरेका आर्थिक विवरण तथा खर्चका फाँटवारीहरुको आन्तरिक लेखा परिक्षण गर्न यस गाउँपालिकामा आन्तरिक लेखा परिक्षण इकाई नभएकोले सोको लागि जिल्लामा कोष तथा लेखा नियन्त्रण कार्यालय, हेटौडासमक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१२. ७०/३० को प्रथम र द्बितीय हुने वडा तोक्ने र बाँकी रकम विनियोजन गर्ने सम्बन्धमा ।

यस गाउँपालिकाले चालु आर्थिक वर्षका लागि ७०/३० को स्ल्याव तथा खानेपानी निर्माणमा विनियोजन गरेको १ करोड रकमवाट प्रत्येक वडालाई १०/१० लाख रकम विनियोजन गरिएको र मौज्दाद रहेको २० लाख रकम प्रथम र द्बितीय हुने वडालाई क्रमश: १२ लाख र ८ लाख विनियोजन गरी थप कार्यान्वयनको अवसर प्रदान गर्ने अघिल्लो कार्यपालिकाको निर्णयवमोजिम वडा नं. ५ र वडा नं. ६ ले सवैभन्दा पहिले सम्पन्न गरि प्रथम र द्बितीय भएकोले वाँकी वजेट रकम समेत सोही वडाहरुमा क्रमश: १२ लाख र ८ गरी २० लाख थप विनियोजन गरी थप योजना कार्यान्वयन गर्न अनुमति दिने निर्णय सर्वसम्मतीमा गरियो ।

१३. मकवानपुरगढी पत्रिकामार्फत नियमित गतिविधि सञ्चालन

मकवानपुरगढी गाउँपालिकाको आर्थिक, सामाजिक, सास्कृतीक, ऐतिहासिक, पुरातात्विक लगायतका समग्र विषयवस्तुहरुको वारेमा समाचारपत्र मार्फत जनसमूदायलाई सूचना सम्प्रेषण गर्ने उद्धेश्यले सुरुवात भएको मकवानपुरगढी साप्ताहिक पत्रिकाको प्रवर्द्धन एवं समुन्नयनको लागि गाउँपालिकामार्फत आवश्यक समन्वय तथा सहकार्य गर्ने निर्णय गरियो ।

१४. दरवन्दि मिलान तथा शिक्षाको गुणस्तर सुधार सम्बन्धमा ।

गाउँ शिक्षा समितिले विभिन्न मितिमा वैठक वसी निर्धारण गरेको विद्यालयमा कायम हुने दरवन्दिको अन्तिम रुपलाई स्विकृत गर्ने निर्णय गरियो । साथै विद्यालयको पठनपाठन सुरु हुनुभन्दा अगाडि विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि आवश्यक नीति योजना तथा कार्यक्रम तय गर्ने निर्णय गरियो ।

१५. योजनाहरुको समिक्षा सम्बन्धमा ।

यस गाउँपालिकाले चालु आर्थिक वर्षका लागि तय गरेका योजना तथा कार्यक्रमको कार्यान्वयन प्रक्रिया सूरु भइसकेको अवस्था रहेकोले साउन २३ को कार्यपालिकाको बैठकवाट पास भएको योजना कार्यान्वयन कार्ययोजना अनुसार योजनाहरुको लागत अनुमान तयारी तथा सम्झौता प्रक्रिया यथाशिघ्र

Scanned with CamScanner

अगाडी वढाइ गाउँपालिकाले चैत्र मसान्तसम्ममा तय गरेको योजना सम्पन्न गर्ने उद्धेश्यलाई मूर्त रुप दिन सोही अनुरुप कार्यान्वयन पक्रियालाई तदारुकताका साथ अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**१६. विविध**

विविधको सन्दर्भमा तपसिल वमोजिम निर्णय गरियो ।

- अमिन आइसोलेशनका स्टाफ नर्स र मेडिकल डक्टर को पदपुर्तिलागि जारी गरिएको सूचना अनुमोदन गर्ने,

**५३ औं कार्यपालिकाको बैठक विहान ११:०० वजे सुरु भई साँझ ५:०० बजे सम्पन्न गरियो ।**

Scanned with CamScanner